**ज्येष्ठ नागरिकहरुको सम्बन्धमा भएका केही महत्वपूर्ण सेवा सुविधाहरु :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ मा भएका व्यवस्थाहरुको कार्यान्वयन अवस्था तपसिल अनुसार रहेको छ ।

**(१) ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ को दफा २४ बमोजिम सामाजिक सुरक्षा भत्ता सम्बन्धमाः**

नेपाल सरकारले ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई मासिक रु.पाँचसयका दरले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको । (६० वर्ष पुरा भएका कर्णाली अञ्चलका सबै ज्येष्ठ नागरिक र देश भरीका सम्पूर्ण दलित ज्येष्ठ नागरिकहरुलाई त्यस्तो सामाजिक सुरक्षा भत्ता उपलब्ध हुँदै आएको छ )

**(२)ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ को दफा ९ को उपदफा २ मा उल्लेख भए बमोजिम सार्वजनिक सवारी साधनमा आरक्षण र छुट सम्बन्धमाः**

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७०।०५।१९ मा सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि,२०७० निर्माण भई उक्त कार्यविधि २०७० कार्तिक १ गते देखि कार्यान्वयन गर्नेगरी सार्वजनिक सूचना प्रकाशित भइसकेको । र

यातायात व्यवस्था विभागको च.नं.५३१० मिति २०७१।०३।२६ को प्राप्त पत्र बमोजिम उक्त कार्यविधिमा उल्लेख भएको व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गर्न यातायात व्यवस्था कार्यालयमा दर्ता हुन आउने सार्वजनिक सवारी(बस/मिनिबस) दर्ता हुँदाका बखत नै ज्येष्ठ नागरिकका लागि २ सिट सुरक्षित गरी स्पष्ट लेख्न लगाउने र नियमानुसार तिर्नुपर्ने सवारी भाडामा ५० प्रतिशत छुट सुविधा समेत उपलब्ध गराउने व्यवस्था स्पष्ट रुपमा सवारीमा नै लेख्न लगाएर मात्र सवारी दर्ता गर्ने र दर्ता भईसकेका बस/मिनिबसहरुको जाँचपास गर्दा समेत उल्लेखित प्रावधान अनिवार्य रुपमा लेख्न लगाएर मात्र जाँचपास गर्ने व्यवस्था मिलाउन यातायात व्यवस्था कार्यालयमा अनुरोध गरिएको व्यहोरा जानकारी प्राप्त भएको छ ।

छुट र सुविधा सम्बन्धमा सुदुरपश्चिमाञ्चल क्षेत्रका सबै जिल्लाहरुमा यो व्यवस्था प्रभावकारी रुपमा लागु भइसकेको र काठमाण्डौ उपत्यकाभित्र सो व्यवस्था कार्यान्वयन गर्न गराउन अनुगमन कार्य भईरहेको छ ।

**(३) ज्येष्ठ नागरिक सम्बन्धी ऐनको दफा ९ को उपदफा ३ र ४ बमोजिमस्वास्थ्योपचार सेवा छुटको व्यवस्था सम्बन्धमाः**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.३२३ मिति २०७१।०२।०१ को प्राप्त पत्र बमोजिम उक्त मन्त्रालयको सचिवस्तरीय निर्णयानुसार

सबै अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुको लागि छुट्टै ज्येष्ठ नागरिक वार्डको व्यवस्था र उपचार खर्च निशुल्कको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ज्येष्ठ नागरिक उपचार कक्ष (जेरियाट्रिक वार्ड) संचालन निर्देशिका स्वीकृत भैसकेको छ र क्रमश अस्पतालहरुमा सेवा विस्तार गर्ने कार्ययोजना रहेको छ । हाल निम्न अस्पतालहरुमा ज्येष्ठ नागरिक उपचार कक्ष संचालन भएको छ ।

(१) भरतपुर अस्पताल,
(२) क्षेत्रीय अस्पताल पोखरा,
(३) वि.पी कोईराला चिकित्सा विज्ञान प्रतिष्ठान धरान,
(४) आयुर्वेदिक शिक्षण अस्पताल, किर्तीपुर र
(५) पाटन अस्पताल लगनखेलमा

ज्येष्ठ नागरिक उपचार कक्ष संचालन भएको छ । विस्तारको क्रममा देश भरीका सबै अञ्चल अस्पतालहरुमा जेरियाट्रिक वार्ड स्थापना गर्ने स्वास्थ्य मन्त्रालयको कार्यक्रम साथै सामाजिक सेवा इकाई कार्यक्रम मार्फत ८ वटा अस्पतालहरु क्रमशः

(१) वीर अस्पताल,
(२) कान्ती बाल अस्पताल, महाराजगंञ्ज,
(३) परोपकार स्त्रीरोग तथा प्रसुति गृह थापाथली,
(४) कोशी अञ्चल अस्पताल विराटनगर,
(५) पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा,

(६) सेती अञ्चल अस्पताल धनगढी,
(७) भरतपुर अस्पताल चितवन,
(८) भेरी अञ्चल अस्पताल नेपालगंजमा ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचारको छुटको व्यवस्था गरिसकेको छ ।

३.१
दोस्रो जनआन्दोलन (२०६३/६३) पछि गठित नेपाल सरकारले (०६३।०८।०९ मन्त्रीपरिषद्को निर्णय) गरीब, असाहाय, ज्येष्ठ नागरिक, आपाङ्ग तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई आर्थिक बर्ष २०६३।६४ देखि २५ शैया सम्मका जिल्ला अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुमा अत्यावश्यकीय आकस्मिक सेवा, अन्तरंङ्ग सेवा निशुल्क उपलब्ध हुने व्यवस्था गरी सेवा उपलब्ध गराईरहेको छ ।

.३.२
सरकारले सम्पूर्ण स्वास्थ्य तथा उप स्वास्थ्य चौकी २०६४ माघ १ गते देखि र प्रा. स्वा केन्द्रहरुमा २०६५ मंसिर १ गते देखि आम नागरिक साथै नेपाल सरकारको आ.ब ०६५।६६ को बजेट नीति तथा कार्यक्रम अनुसार २५ शैया सम्मका अस्पतालमा २०६५ माघ १ गते देखि अतिगरिब/ असहाय, गरीब, अपाङ्ग, ज्येष्ठनागरिक तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलब्ध स्वास्थ्य सेवा तथा अत्यावश्यकीय औषधि निशुल्क र आम नागरिकलाई सूचिकृत औषधि निशुल्क उपलब्ध हुने व्यवस्था छ । त्यसैगरि

- २५ शैया सम्मका अस्पतालहरुमा आम नागरिकका लागि ४० प्रकारका औषधीहरु निशुल्क उपलब्ध भईरहेको
- प्राथमिक स्वास्थ्य केन्द्रमा आम नागरिकका लागि ३५ प्रकारका औषधीहरु निशुल्क उपलब्ध भईरहेको
- स्वास्थ्य चौकीमा आम नागरिकका लागि ३२+३ प्रकारका औषधीहरु निशुल्क उपलब्ध भईरहेको
- उपस्वास्थ्य चौकीमा आम नागरिकका लागि २२+३ प्रकारका औषधीहरु निशुल्क उपलब्ध भईरहेको छ ।

आ.व.२०७१/७२ देखि ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई हाल पाईरहेको भत्ताका अतिरिक्त दोहोरो नपर्ने गरि वार्षिक रु. दुई हजार औषधिउपचार खर्च उपलब्ध गराउने व्यवस्था गरिएको ।

**(४) पालो र छुट्टै व्यवस्था सम्बन्धमा:**
ज्येष्ठ नागरिकहरुलाई बिजुली लगायत सार्वजानिक सेवा प्रदान गर्दा पालोमा पर्खिरहन नपर्ने व्यवस्था नेपाल उर्जा मन्त्रालयले र धार्मिक क्षेत्रका मन्दिर, मस्जिद, गिर्जाघर, गुम्वा, तिर्थस्थल आदिमा दर्शन गर्न तथा पूजा गर्न ज्येष्ठ नागरिकहरुलाई छुट्टै व्यवस्था गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०७१।०२।२० गते नेपाल सरकार सचिवस्तरको निर्णय भई सम्बन्धित निकायहरुमा परिपत्र भइसकेको ।

**५. समाज कल्याण केन्द्र , वृद्धाश्रम पशुपति**
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले पंचदेवल स्थित समाज कल्याण केन्द्र , वृद्धाश्रम ( पशुपति)मा हाल महिला १२८ जना र पुरुष १०६ जना गरि जम्मा २३४ जना असहाय ज्येष्ठ नागरिकलाई संरक्षण दिदै आएको छ ।

**६.पाँच विकास क्षेत्रमा नमुना वृद्धाश्रमको व्यवस्था**

वेसहारा, असहाय ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय को आर्थिक सहयोगमा पाँचै विकास क्षेत्रमा क्षेत्रीय अवधारणा बमोजिम निम्न स्थानहरुमा ज्येष्ठ नागरिक आरोग्य आश्रम/वृद्धाश्रम स्थापना तथा संचालन भई हाल निम्नानुसार असहाय ज्येष्ठ नागरिकहरुले सेवा पाई रहेका छन् ।

| क.सं. | क्षेत्र | आरोग्य आश्रम/वृद्धाश्रम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १. | पुर्वाञ्चल | विश्रान्ति मन्दिर मूलघाट, धनकुटा | २२ जना | १६ जना | ३८ जना |
| २. | मध्यमाञ्चल | समाज कल्याण केन्द्र वृद्धाश्रम, पशुपति | १२८ | १०६ | २३४ |
| ३. | पश्चिमाञ्चल | पश्चिमाञ्चल वृद्धाश्रम,पोखरा | ३५ | २४ | ५९ |
| ४. | मध्यपश्चिमाञ्चल | भेरी असहाय तथा वृद्ध सेवा केन्द्र बाँके | ४ | ५ | ९ |
| ५. | सुदूरपश्चिमाञ्चल | महिला तथा वृद्ध सेवा केन्द्र, कञ्चनपुर | ३२ | १८ | ५० |
| | **जम्मा** | | **२२१ जना** | **१६९ जना** | **३९० जना** |

**७.ज्येष्ठ नागरिक ग्राम -**

असहाय ज्येष्ठ नागरिकहरुलाई सम्मानपूर्व जीवनयापन गर्न सहयोग पुरयाउने उद्देश्यले निम्न स्थानहरुमा नमूनाको रुपमा ५ वटा ज्येष्ठ नागरिक ग्राम संचालन तथा निर्माण विस्तार भईरहेको छ ।

(१) देवघाट वृद्धाश्रम, तनहुँ,

(२) राधा दामोदर ज्येष्ठ नागरिक ग्राम, केलादीघाट स्याङ्गजा

(३) मनकामना ज्येष्ठ नागरिक ग्राम,संखुवासभा

(४) ज्येष्ठ नागरिक गृह इन्द्रायणी गा.वि.स.काठमाण्डौ (संकल्प नेपाल)

(५) ज्येष्ठ नागरिक मैत्री ग्राम, लप्सेफेदी गा.वि.स.काठमाण्डौ (जे.पी. प्रतिष्ठान)

**८.ज्येष्ठ नागरिक दिवासेवा केन्द्र**

निम्न बमोजिम ३० वटा जिल्लामा ४८ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन भईरहेको छ ।

| क.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री कृष्ण प्रणामी सत्सङ सेवा परिषद् | सुरुंगा,झापा |
| २. | वृद्ध स्वास्थ्य सेवा समाज | चन्द्रगढी,झापा |
| ३. | ज्येष्ठ नागरिक सम्मान प्रतिष्ठान | दमक,झापा |
| ४. | श्री कृष्ण द्वैपायनल गुरुकुल देव विधालय | भद्रपुर,झापा |
| ५. | नारी चेतना दिवा सेवा केन्द्र | झापा |
| ६. | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | बाडेगाउँ, ललितपुर |
| ७. | दिव्यदृष्टि नेपाल,ज्येष्ठ नागरिक दिवासेवा केन्द्र | ललितपुर |
| ८. | श्री सिरडी साई वृद्ध समाज | ललितपुर |
| ९ | श्री सिरडी साई वृद्ध समाज | ललितपुर |
| १०. | अस्मि(सशक्त पाका उमेरका लागि कार्यरत समुह | काठमाडौ. |
| ११. | सार नेपाल | काठमाडौं |
| १२. | दिव्य ज्योती नेपाल ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | काठमाडौं |
| १३. | ओमशान्ति विश्राम गृह | काठमाडौं |
| १४. | अरविन्द योग मन्दिर | थानकोट, काठमाडौं |

| | | |
|---|---|---|
| १५. | दिव्य सेवा निकेतन बृद्धाश्रम, | गल्फुटार काठमाडौं |
| १६. | विमुक्त जीवन,ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | कोटेश्वर,काठमाण्डौ |
| १७. | राधाकृष्ण सेवा संस्था, दिवासेवा केन्द्र | चावहिल,काठमाण्डौ |
| १८ | सामाजिक स्वयम सेवक मंच,ज्येष्ठ नागरिक दिवासेवा केन्द्र | काठमाण्डौ |
| १९ | हराभरा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | भक्तपुर |
| २० | आनन्दित गृह | कास्की |
| २१. | समुन्नति तर्फका पाइलाहरु | पुतलीबजार,स्याङजा |
| २२. | ओम नमोदिप ज्येष्ठ नागरिक क्लब | नुवाकोट |
| २३ | ज्येष्ठ नागरिक मिलन केन्द्र वृद्धाश्रम | दमौली, तनहुँ |
| २४ | लायन्स सर्वोदय ज्येष्ठ नागरिक सेवा समाज | लमजुङ |
| २५. | नरसिहं मन्दीर संरक्षण तथा धार्मिक पर्यटकिय विकास समिति | मोदीवेनी, पर्वत |
| २६. | ज्येष्ठ नागरिक समाज नेपाल | अर्घाखाँची |
| २७. | मानव कल्याण वृद्धाश्रम सेवा समिति | तम्घास गुल्मी |
| २८. | सुनवल सामुदायिक विकास केन्द्र | नवलपरासी |
| २९. | बालिघाट संरक्षण क्षेत्र | नवलपरासी |
| ३० | ज्येष्ठ नागरिक सरोकार मंच | कपिलवस्तु |
| ३१. | राधाकृष्ण मन्दिर ज्येष्ठ नागरिक दिवासेवा केन्द्र | कपिलवस्तु |
| ३२. | श्री मुक्तिनाथ वृद्ध नागरिक सेवा समाज दिवा सेवा केन्द्र संचालन | नयागाँउ, बुटवल रुपन्देही |
| ३३. | नमुना कल्याणकारी आश्रम | चितवन |
| ३४. | विकास र परिवर्तनका लागि संगठित समुह | दाङ |
| ३५. | अभिभावक कल्याण समाज | जर्वुटा,सुर्खेत |
| ३६. | तिला कर्णाली संरक्षण समिति | कालिकोट |
| ३७ | युवा संजाल नेपाल | मुगु |

| | | |
|---|---|---|
| ३८. | ज्येष्ठ नागरिक जिल्ला संघ | कैलाली |
| ३९. | वृद्धाश्रम समाज सेवा समिति | कैलाली |
| ४०. | ज्येष्ठ नागरिक जिल्ला संघ | डोटी |
| ४१. | वृद्धसेवा केन्द्र | विरेन्द्रनगर,सुर्खेत |
| ४२.. | श्री पशुपति शान्ति शिवालय,सुदामा वृद्ध सत्सङ समुह आश्रम | कालिका,बर्दिया |
| ४३. | शिव शक्ति वैराग्य वृद्धाश्रम | जाजरकोट |
| ४४. | जनजागरण केन्द्र | रौतहट |
| ४५. | ज्येष्ठ नागरिक कल्याण समाज | उदयपुर |
| ४६. | श्रीमद्‌भगवत ज्ञान संचार वृद्धाश्रम हटिया | मकवानपुर |
| ४७. | विराट सेवा आश्रम | विराटनगर, मोरङ |
| ४८. | रामजानकी शान्ति वृद्धाश्रम | पकली,सुनसरी |

## ९.विविध

(१) सरकारी तथा गैर सरकारी संस्थाहरु तथा रेडियो नेपालबाट ज्येष्ठ नागरिक सम्बन्धी सन्देशमूलक कार्यक्रम प्रत्येक सोमवार विहान ८.०० देखि ८.१५ बजेसम्म संचालन भईरहेको छ ।

(२) ७५ जिल्लामा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम संचालन भई रहेको छ ।

(३ महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयमा माननीय मन्त्रीको अध्यक्षतामा केन्द्रमा केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति र जिल्ला तहमा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा ७५ जिल्लामा जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन भई समन्वयात्मक कार्य भई रहेको छ ।

(४) साथै ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षामा सहयोग पुऱ्याउन नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले ज्येष्ठ नागरिकको क्षेत्रमा कियाशील ज्येष्ठ नागरिकसंग सरोकार राख्ने संस्थाहरुको सहकार्य र साझेदारीमा ज्येष्ठ नागरिक आश्रम संचालन, निर्माण साथै दिवासेवा केन्द्र संचालन जस्ता कार्यक्रम संचालन भईरहेको छ ।